संस्कार एफ.एम.
८५.६ मेघाहर्ज
२००० वाटको
साथमा

संस्कार बहस
प्रत्येक साताको
आइतबार, सोमवार,
मंगलवार , बुधवार
बिहान: ७:३० बजे
www.sanskarfm.com.np

Sanskar Khabar

# संस्कार खबर

National Daily राष्ट्रिय दैनिक

जि.प्रशा.का.द.नं.:६६/२०७२/०७३
जि.हु.का.द.नं.:११/२०७२/२०७३

संस्कार खबर राष्ट्रिय दैनिकमा विज्ञापन, लेख, रचना तथा प्रतिक्रियाका लागि
सम्पर्क
०५३-५५१८२८
०५३-५५१८७४
९८४५२१७४३८
९८४५१९४२३१
ई-मेल
sanskarkhabar@gmail.com

वर्ष ९ | अंक ७९ | २०८० मंसीर २७ गते बुधबार | Wednesday,13, Dec , 2023 | मुल्य रू.५/-,पृष्ठ ४

## छब्बीस किलो अवैध लागु औषध चरेश/गाँजा सहित दुई पक्राउ




स.ख. संवाददाता
कलैया,२६,मंसीर

प्रहरीले बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २२ चुरियामाई मन्दिरको जंगलमा लुकाई छिपाई राखेको एक कारबाट सोमबार राति अबैध लागु औषध चरेश/गाँजा सहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कार चालक चितवन साविक मेघौली गा.वि.स. वडा नम्बर ६ हाल परिवर्तित भरतपुर महानगर पालिका वडा नम्बर २७ बस्ने ४२ वर्षीय रोशन बहादुर दमाई र कार मा सवार जिल्ला चितवन माडी नगरपालिका वडा नम्बर ६ बस्ने ५२ बर्षिय देवनारायण महतो र हेको जिल्ला प्रहरी कार्यालय बार ले जनाएको छ। उक्त कारलाई जांच गर्ने क्रममा २६ किलो ८०० ग्राम अबैध लागु औषध चरेश/गांजा बरामद गरिएको प्रहरीले जनाएको छ।राति साढे ९ बजेको समयमा मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नम्बर १५ स्थित रातोमाटे चेक पोष्ट५बाट बा. १४ च ३७०८ नम्बरको मारूती सुजुकी कार जाँच नगराई फरार भएको थियो। उक्त कार जांच नगराई फरार भएको भनी सूचना प्राप्त भएपछि जि.प्र.का बारा र जिल्ला प्रहरी कार्यालय मकवानपुर को विशेष प्रहरी टोलीले उक्त कार लाई चुरियामाई मन्दिर नजिकको जंगलमा लुकाई छिपाई राखेको अवस्थामा नियन्त्रणमा लिई जाँच गर्दा उक्त लागु औषध चरेश/गांजा बरामद गरेको हो।

उक्त गाडीमा सवार दुवै जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरु माथि आवश्यक अनुसन्धान भई रहेको बारा प्रहरीले जनाएको छ।

## लागु औषध गाँजा सहित एक पक्राउ

स.ख. संवाददाता
कलैया,२६,मंसीर



प्रहरीले पर्साको बीरगञ्ज महानगरपालिका वडा नम्बर १६ फूलवारी टोलबाट मंगलबार अबैध लागु औषध सहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा स्थानीय २३ बर्षिय शेख सद्दाम रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। उनको साथ बाट अबैध लागु औषध गाँजा ६ के.जी.५०० ग्राम, उक्त गाँजा तौल गर्ने डिजिटल तराजू २ थान बरामद गरिएको प्रहरीले जनाएको छ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्सा र लागु औषध नियन्त्रण व्यूरो पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले कानूनी रीत पुऱ्याई खानतलासी गर्दा निजको घरमा खाटमुनी कालो रंगको प्लाष्टिकको डिब्बाभित्र लुकाइ छिपाई राखिएको अवस्थामा उक्त लागु औषध गाँजा बरामद गरेको हो।लागु औषध सहित निजलाई नियन्त्रणमा लागु औषध सम्बन्धी कसूरमा थप अनुसन्धान भईरहेको पर्सा प्रहरीले जनाएको छ।

## लाखौंको भन्सार छलीका विभिन्न किसिमका सामान वरामद

स.ख. संवाददाता
कलैया,२६,मंसीर



प्रहरीले पर्साको बीरगञ्ज उपमहानगरपालिका वडा नम्बर १६ बाट भन्सार छलीका विभिन्न किसिमका सामान बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्सा

. . . . बाँकी पेज नं. ३ मा

## जनकपुरधाममा विवाहपञ्चमी महोत्सव सुरु

राष्ट्रिय समाचार समिति (रासस) महेन्द्रनगर (धनुषा), २६ मङ्सिर : जनकपुरधाममा सप्ताहव्यापी रूपमा मनाइने सीताराम विवाहपञ्चमी महोत्सव मंगलबार देखि विधिवत् रूपमा सुरु भएको छ। त्रेतायुगमा भगवान् राम एवम् जानकीको वैदिक विवाह प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा भएको सम्झनामा हरेक वर्ष मङ्सिर शुक्ल पञ्चमी तिथिको दिन पौराणिक विधिअनुरुप मनाइँदै आएको छ। सप्ताहव्यापी रामजानकी विवाह महामहोत्सवको पहिलो दिन मंगलबार नगरदर्शन भइरहेको छ। गोस्वामी तुलसी दासकृत र ामायणमा वर्णित भएनुसार मिथिला नरेश राजर्षि जनकद्वारा गरिएको प्रतिज्ञालाई अयोध्याका राजकुमार मर्यादा पुरुषोत्तम भगवान् रामले धनुष तोडेर पूरा गरेकाले जानकीको विवाह उहाँसँग भएको थियो। यसपालि मङ्सिर २६ गतेदेखि पुस

. . . . बाँकी पेज नं. ३ मा

करैयामाई गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
करैया, बारा
मधेश प्रदेश, नेपाल
(प्रथम पटक प्रकाशनमिति : (२०८०/०८/२७ गते )

बोलपत्र स्वीकृत सम्बन्धीआशयको सूचना

यस गाउँपालिकाको आ.ब.२०८ ०/०८०१ को सशर्त तर्फको औषधी खरिद कार्यको लागि २०८०/०५/११ गते शिलबन्दी दर बोलपत्र सम्बन्धि सुचना प्रकाशन अनुसार मिति २०८०/०८/२५ गते मुल्यांकन समितिबाट तपसिलमा उल्लेखित औषाधी विक्रेताको सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन२०६३ छको दफा २७ को उपदफा २ एवं दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा आश्यको लागि ७ दिने आश्यको सुचना प्रकासित गरिएको छ ।

| बोलपत्र/ठेक्का नं. | कार्यको विवरण | आशयपत्र जारी गरिएको बोलपत्रदाताको नामतथा ठेगाना | कार्य गर्ने ठाउँ | कबोलअंक रु. ( मूल्यअभिवृद्धि कर समेत |
|---|---|---|---|---|
| ०१/०८०/०८ १ | आधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधी सप्लाई कार्य | सुमित मेडिको फर्मा, नेपालगंज | करैयामाई गा.पा वडा नं १ देखि ८ सम्मा का सम्पुर्ण स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखा | ८९६७९५.८०/- |

प्रमुख प्रशासकिय अधिकृत